


PRATEEK DAILY

# प्रतीक दैनिक

राष्ट्रिय 'क' वर्ग

prateekdaily.com




❖ वर्ष ३४ ❖ २०७८ साउन ११ गते सोमवार // मृत भस्म नबन्दैमा भिल्को भैकन बल्नुछ // 2021 July 26 Monday ❖ मूल्य ५/- ❖ पृष्ठ सङ्ख्या ४ ❖ अङ्क ३२८

# सडकपेटीमा थुपारिएका निर्माण सामग्री जफत

प्रस, वीरगंज, १० साउन/

वीरगंज महानगरको सडकपेटीमा जथाभावी भण्डारण गरिएका निर्माण सामान आइतवार पनि महानगरपालिकाले जफत गरेको छ। महानगरको दोस्रो बाइपास क्षेत्रको नगवा चोकदेखि बालुवा, ढुङ्गा, टायरलगायत कबाडी सामान नियन्त्रणमा लिएको छ।

महानगरपालिकाले पटक-पटक निजी साझेदारी कार्यक्रम अन्तर्गतको फोहोर व्यवस्थापन गर्ने ठेकेदारको संयुक्त पहलमा सडकपेटीमा राखिएका



सडकपेटीमा थुपारिएका गिट्टी जफत गर्दै वीमनपाका कर्मचारीहरू। तस्वीरः सौजन्य

सामग्रीलाई वीरगंज महानगरपालिकाले जफत गरेको छ।

वीरगंजको बाइपास क्षेत्रमा सडक र पेटी अतिक्रमण गरेर अनधिकृतरूपमा राखिएका गिट्टी, बालुवा, ढुङ्गा, कबाडीका भन्सारसम्म जाने सडक किनारामा राखिएका निर्माण सामग्री शनिवार वीरगंज महानगरपालिकाले जफत गरेको थियो।

आइतवार नयाँ बसपार्कदेखि उत्तरतर्फ सडक किनारामा राखिएका इँटा, गिट्टी, सूचना जारी गरी सडकपेटीमा अनधिकृतरूपमा राखिएका सामान हटाउन अनुरोध गरेको र नहटाएपछि महानगरपालिकाको सरसफाइ शाखाका कर्मचारी, नगर प्रहरी र सार्वजनिक सामानहरू हटाउने अभियान शुरू गरिएको सरसफाइ शाखाका इन्चार्ज सर्फुद्दीन मियाँले बताए।

सडकपेटीमा व्यापार-व्यवसाय प्रयोजनका लागि जथाभावी निर्माण सामग्रीहरू राखिदिंदा दुर्घटनाको जोखिम बढेको र शहरको सौन्दर्यलाई असर पार्ने भएकोले हटाउन थालिएको नगर प्रहरी इन्चार्ज हरि भुसालले बताए।

उनले सडकपेटीमा जथाभावी ढुङ्गा, बालुवा, गिट्टी, टायर तथा कबाडी सामान राखेमा वीरगंज महानगरपालिकाको सरसफाइ ऐन २०७५ अनुसार कारबाई गर्ने चेतावनी पनि दिए।

# दुर्घटनामा गत वर्ष ५२३ जनाको मृत्यु, ट्राफिकद्वारा १९ करोड राजस्व सङ्कलन

प्रस, परवानीपुर, १० साउन/

प्रदेश २ मा गत आवमा सवारी दुर्घटनामा परी ५२३ जनाको मृत्यु भएको २ नं प्रदेश ट्राफिक प्रहरी कार्यालय, पथलैया, बाराले जनाएको छ। पर्सादेखि सप्तरीसम्म ८ जिल्लामा ३ हजार ९८३ वटा सवारी दुर्घटना हुँदा १ हजार ९३० जना गम्भीर र ४ हजार ७४ जना सामान्य घाइते भएका सो कार्यालयले बताएको छ। दुर्घटनामा ५ हजार ८११ वटा सवारीसाधन परेका थिए।



नियमविपरित सवारी सञ्चालन गर्दा जरिवाना असुल्दै प्रहरी। तस्वीरः फाइल

त्यसैगरी, प्रदेश ट्राफिक प्रहरी कार्यालयले गत आवमा १९ करोड रुपैयाँभन्दा बढी राजस्व सङ्कलन गरेको छ। नियम उल्लङ्घन गर्ने सवारीसाधनलाई कारबाई गरेर १९ करोड १६ लाख ३७ हजार रुपैयाँ राजस्व सङ्कलन भएको प्रदेश नं २ ट्राफिक प्रहरी कार्यालय, पथलैयाका प्रमुख एवं प्रहरी उपरीक्षक हिमालय श्रेष्ठले बताए। भारवाहन क्षमताभन्दा बढी बोक्ने ढुवानीका साधनलाई यातायात व्यवस्था कार्यालयमा पठाइएको र त्यसबाट ६९

(बाँकी अन्तिम पातामा)

# पोखरिया र पर्सागढीमा छात्राहरूलाई साइकल वितरण

प्रस, ठोरी, १० साउन/

पोखरिया नगरपालिका-६ स्थित छात्राहरूलाई आइतवार साइकल वितरण गरिएको छ।

हरिनारायणप्रसाद रौनियारले साइकल वितरण गरेका थिए।



तस्वीर : प्रतीक

महोवनी पद्म माविमा अध्ययनरत प्रदेश सरकारको बेटी पढाऊ, बेटी बचाऊ कार्यक्रम अन्तर्गत कक्षा ८ उत्तीर्ण २९ जना छात्रालाई जसपाका नेता कार्यक्रममा प्रदेशसभा सदस्य प्रह्लाद गिरीले छोरीको हित र विकासको लागि

(बाँकी अन्तिम पातामा)

## छोटकरी

### दुई घरमा चोरी

प्रस, बिरुवागुठी, १० साउन/

पर्सागढी नगरपालिका-२ छतिवनटाँडीमा गएराति दुईवटा घरमा चोरी भएको छ।

अज्ञात समूहले शनिवार राति लक्ष्मण आचार्य र प्रकाश उप्रेतीको घरमा चोरी गरेको छ। आचार्यको घरबाट ल्यापटप १ थान, मोबाइल १ थान र नगद ६ हजार चोरी भएको छ। त्यसैगरी, प्रकाश उप्रेतीको घर बाट २८ हजार पर्ने मोबाइल चोरेको छ।

चोरीबारे स्थानीय प्रहरी चौकी मनवामा उजूरी दिएको पीडितहरूले जनाएका छन्।

## ज्येष्ठ नागरिक सङ्घको सूचना

**ज्येष्ठ नागरिक सङ्घका साथीहरूलाई स्वास्थ्य सजगतासम्बन्धी कार्यक्रममा सहभागी गराउने उद्देश्यले यसपालि डायटेशियन डा निशा सिंहसँग साक्षात्कार कार्यक्रम राखिएको छ। कोरोनाको बेला भौतिक दूरी कायम राख्दै थोरै मात्र साथीहरूलाई सहभागी गराइने भएकोले यसै हप्ताको बुधवारसम्म नाम दर्ता गराउन अनुरोध छ। छुट भएका साथीहरूको लागि कार्यक्रमलाई नियमितता दिइनेछ।**

**कार्यक्रम:-**
**मिति : १५ गते साउन**
**समय : बिहान ८ बजे**
**स्थान : प्रतीक दैनिक भवन**

महामारीको समयमा आपत्कालीन सम्पर्क नम्बरहरू जानकारीमा राखौं।

नेपाल सरकार
सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
सूचना तथा प्रसारण विभाग

## रू ३५ हजार राशिको सुबोध स्मृति पुरस्कार २०७८



वीरगंजबाट प्रकाशित पत्रिकामा छापिएका फोटो र बायोडाटासहित साउन २४ गतेसम्म प्रतीक दैनिकको कार्यालयमा बुझाउन सबै फोटोपत्रकारलाई सूचित गरिन्छ।

इमेलः prateekdaily@gmail.com
अनलाइनः eprateekdaily.com
फेसबूकः facebook.com/prateekdainik

आयोजकः प्रतीक

नेपाल अधिराज्यभरको लागि

डिलर / डिष्ट्रिव्युटरको आवश्यकता




**सिमेन्ट** तथा **स्टिल्स्** उद्योगमा एक अग्रणी नाम **सौरभ ग्रुप** नेपालकै एक उत्कृष्ट नेतृत्व र व्यवस्थापनका साथ संचालित कम्पनीका रुपमा प्रतिष्ठत छ। यस ग्रुप अन्तर्गतको सर्वोत्तम स्टिल्स्लाई हाल नेपाल अधिराज्यभर आफ्ना उत्पादनहरुको विक्रिवितरण गर्नका लागि सहयोगी हातहरु (Dealer/Distributor) को आवश्यकता रहेकोले निम्नानुसार योग्यता पुग्ने महत्वकांक्षी, सीर्जनशील तथा मिहिनेती व्यवसायीहरुलाई कम्पनी सँगै हिंडी आफ्नो व्यवसाय प्रबर्द्धनको लागि आह्वान गरिएको छ।

आवश्यकता

- फर्म दर्ता र भ्याटको प्रमाण-पत्रको स्व-प्रमाणित फोटोकपी
- संचालकको नागरिकताको फोटोकपी र एक प्रति फोटो
- हार्डवियर बाहेक अन्य व्यवसाय संचालन गरेको भए सो को विवरण
- व्यवसाय संचालन गरेको घर/गोदाम भाडामा वा आफ्नै स्वामित्वको के हो सो को विवरण तथा क्षेत्रफल
- एक वर्षभित्र गरेको कारोबारको विवरण
- वार्षिक क्षमता, कुनै पनि परिमाण (धेरै-थोरै) बेच्न सक्ने
- कम्पनीको नियमअधिनमा रही कार्य गर्न सक्ने क्षमता भएको

हामीसँग कुनै न कुनै रुपमा आवद्ध गराउन सक्ने क्षमता रहेको जानकारी गराइन्छ।

इच्छुक तथा माथि दिइएका आवश्यकताहरु पुग्ने व्यवसायीहरुलाई सबै कागजातहरु सहित आफ्नो आवेदन salesdealer@sarbottamsteels.com मा इमेल गर्न अनुरोध गरिन्छ।
अधिक जानकारीका लागि सम्पर्क : ९८०१२१०१७३
सम्पर्क गर्ने समय : बिहान ९ बजे देखि साँझ ६ बजे सम्म

SARBOTTAM STEELS LIMITED
मुख्य कार्यालय:
दोस्रो तल्ला, न्यौपाने टावर तीनकुने
फोन: ०१-४११७५०६/०१-४११७५०३
Web: www.saurabhgroup.com

फ्याक्ट्री:
ड्राई पोर्ट रोड,
पर्सा, प्रदेश-२

SAURABH GROUP

## विचारसार र सूक्तिहरू

**मानिस त्यति नै ठूलो बन्न सक्दछ, जति ठूलो उसको सोच हुन्छ ।**


प्रकाशक : प्रतीक प्रकाशन समूह प्रा. लि., वीरगंज-११
प्रधान सम्पादक : जगदीशप्रसाद शर्मा
व्यवस्थापक/सम्पादक : विकाश शर्मा
सम्पादक : शत्रुघ्न नेपाल/ खड्गबहादुर श्रेष्ठ (प्रताप)
समाचार सम्पादक : आर. के. पटेल
बारा विशेष प्रतिनिधि : गम्भीरा सहनी
मुद्रक: प्रतीक प्रकाशन समूह प्रा. लि. (अफसेट छापाखाना)
त्रिमूर्ति सिनेमा हल रोड, श्रीपुर, वीरगंज-११ (नेपाल), पोस्ट बक्स नं. ७९, फोन नं. ०५१-५२५१२२, ५२३१०५
email: prateekdaily@gmail.com, prateekdainik@yahoo.com
Website: www.prateekdaily.com


# म कुटेजस्तो गर्छु तँ रोएजस्तो गर

**नेपालीहरूको मनोविज्ञान बिछट्टको हुन्छ । आफ्नो ब्रह्मको कुराभन्दा आफ्नाहरूको सजिलोको कुरामा बढी ध्यान दिन्छन् । कसैले कुनै गलती गरेको छ भने गलतीबापत नसिहत, दण्ड दिनुको साटो अरूलाई देखाउन दण्ड दिएजस्तो, तर सारमा केही नगर्ने प्रवृत्ति हामीमा हावी छ । त्यसैलाई म कुटेजस्तो गर्छु (कुट्दिनँ) तँ रोएजस्तो गर भन्ने उखान प्रचलनमा आएको हो । कुरा वीरगंज महानगरपालिकाले अहिले सडक अतिक्रमण हटाउन थालेको प्रसङ्गबाट निस्केको हो । वीरगंज शहर निकै साँघुरो छ । कुन सडक कुन प्रयोजनका लागि बनाइएको हो, त्यसको लेखा स्वयं महानगरसँग छैन । कुनै सडक भत्क्यो भने सम्बन्धित इन्जिनीयरको रेडिमेड जवाफ हुन्छ– सडकको क्षमताभन्दा बढी भार भएको वाहन गुडेपछि यस्तै हुन्छ । अब सडकको क्षमता कति हो, गुड्ने सवारीसाधनको भार कति हो, यसको लेखाजोखा नागरिकले राख्ने कि महानगरपालिकाले ? वा त्यस सडकमा चल्ने सवारीसाधनको भार अनुसार सडक बनाउनुपर्ने हो वा सडकको क्षमताभन्दा बढी भारको सवारीसाधन चल्न नदिनुपर्ने हो ।**

**सडक के प्रयोजनका लागि बनाइन्छ ? फूटपाथ बनाउनुको तात्पर्य के हो ? सडकमा व्यापारीले बालुवा–गिट्टी थुपारिदिन्छ र आवश्यकता अनुसार बिक्री गरेर आम्दानी कमाउँछ । कुनै मिस्त्रीले सडकमैं गाडीहरू तेर्स्याएर मरम्मत गर्न थाल्छ, त्यो पनि एक्कासि आइपरेको कारणले होइन, अपितु सडक उसको अघोषित ग्यारेज नै हुन्छ । मोटरसाइकल, कार–ट्रक मरम्मत हामीकहाँ सडकमैं हुन्छ । फूटपाथमा पानपसल, वेल्डिङपसल लगायत अन्यान्य खुद्रा व्यापार हुनुलाई सम्बन्धितले आफ्नो नागरिक अधिकार ठान्छ । यस्तो नहोस् भन्ने जिम्मेवारी अरू निकायको पनि होला, तर बढी सजग हुनुपर्ने निकाय भनेको महानगर हो । तर पनि यस्तो हुन्छ । महानगरपालिका एकदमै गैरजिम्मेवार छ भन्ने पनि होइन । हरेक एक/दुई वर्षमा यस्ता अतिक्रमणहरू हटाउन उसले कसरत गरिरहेको हुन्छ । तर प्रत्येक एक/दुई वर्षपछि अवस्था जस्ताको त्यस्तै हुन्छ । यसमा दोष नगरपालिकालाई मात्र दिन सकिन्न । एकपटक नगरपालिकाले, बाटोमा बिक्री गर्न राखिएको गिट्टी हटाउन खोज्दा, सम्बद्ध कर्मचारीलाई एकजना सांसदले जागीर नै खाइदिने धम्की दिए । ती सांसद अन्तका होइनन्, वीरगंज महानगरपालिकाभित्रैका थिए । दुई वर्ष बितेपछि अतिक्रमण नदेख्ने महानगरपालिकालाई यति भए पुग्यो !**

**यसैले महानगरपालिका हरेक दुई वर्षमा अतिक्रमण हटाउँछ र दुई वर्षपछि त्यो हटाइएको अतिक्रमण पुनः स्थापित हुन्छ । मानौं महानगरले अतिक्रमणकारीहरूसँग साउती गरेको छ– देखाउनका लागि हटाउने हो, पछि फेरि कब्जा गर । यस्तो पनि हुन्छ कि महानगरपालिकाजस्तो सक्षम संस्थाले घरीघरी हटाओस् र घरीघरी त्यही व्यक्तिले त्यही ठाउँमा अतिक्रमण गरोस् वा अन्यले गरोस् । यसबाट समय, पैसाको क्षति त हुन्छ नै नागरिक जिद्दी र महानगर कमजोर बन्दै जान्छ । अब त साँघुरिएको नगरलाई फराकिलो बनाउन वैज्ञानिक सोच, ठोस निर्णय र त्वरित कार्यान्वयनको खाँचो पो हो । साँघुरिएको शहरका साँघुरा सडकहरूमा ग्यारेज खोल्न, फूटपाथ मासेर घाम छल्ने छत बनाउन दिने हो भने वीरगंज नाममा महानगर, सारमा कुनै कस्बाभन्दा फरक देखिनेछैन । त्यसैले ठोस निर्णयका साथ र पुनः एउटै गलती नदोहोरियोस् भन्ने खालको कुटेजस्तो र रोएजस्तो प्रवृत्ति त्यागनु आवश्यक छ ।**

# वायु प्रदूषण–वैश्विक समस्या

शिक्षा नेपाल




अनन्तकुमार लाल दास
anantlaldas@gmail.com


**प्रारम्भिक तहदेखि नै वायु प्रदूषणलाई पाठ्यक्रममा समावेश गर्नुपर्छ जसबाट बाल्यकालदेखि नै केटाकेटीलाई के गर्दा प्रदूषण फैलिन्छ भन्ने कुरा थाहा होस् । गाउँ–गाउँमा गएर सडक नाटक वा अन्य माध्यमले आम जनमानसलाई जागरूक र सचेत बनाउनुपर्छ ।**

वायु प्रदूषण प्रमुख पर्यावरणीय मुद्दा मध्ये एक हो । यो सबैको सरोकारको विषय हो । यसबाट ओजोन तह प्रभावित भइरहेको हुनाले पर्यावरणमा गम्भीर समस्याको यो प्रमुख कारण बनेको छ । प्रदूषणको प्रमुख कारण बढ्दो जनसङ्ख्या आवश्यकतामा वृद्धि हुनु हो । मानिसको दैनिकी र उपभोग्य सामग्रीमा प्रयोग हुने डरलाग्दो रसायन, वातावरणलाई दूषित गर्ने कारण हो जसले हावापानीमा नकारात्मक परिवर्तन ल्याउन बाध्य गर्छ । उद्योगीकरण प्रक्रियामा धेरै हानिकारक ग्याँस, पेन्ट र ब्याट्रीको आक्रामक सञ्चालन, चुरोट आदिले कार्बनमोनोअक्साइड, यातायातका साधनले कार्बन डाइअक्साइड र अन्य थुप्रै विषाक्त पदार्थ वातावरणमा प्रवाहित गर्छ । सबैखाले प्रदूषण पर्यावरणसँग जोडिएको हुनाले ओजोन तहलाई हानि पुऱ्याएर सूर्यको हानिकारक किरण पृथ्वीसम्म आइपुग्छ । वायु प्रदूषणको स्तर कम गर्न हाम्रो दैनिकीमा ठूलो परिवर्तन ल्याउने खाँचो छ । वायु प्रदूषण कम गर्न सबैभन्दा पहिले वनफडानी रोक्नु आवश्यक छ । डिजल–पेट्रोलबाट चल्ने सार्वजनिक परिवहनमा कमी ल्याउनुपर्छ । कीटनाशक औखतिहरूको स्प्रे वर्जित गर्नुपर्छ । त्यस्ता गतिविधिहरूलाई प्रोत्साहित गर्नुपर्छ जसले वातावरण प्रदूषित हुनबाट जोगाउँछ ।

वायु पृथ्वीमा रहेको जीवजगतको लागि नभई नहुने एउटा तत्त्व हो । यसबाट नै जीवजन्तुलाई अक्सिजन र वनस्पतिलाई कार्बन डाइअक्साइड प्राप्त हुन्छ । वायुमण्डल एउटा कम्बलजस्तै हुन्छ जसको अनुपस्थितिमा तापक्रम बढी वा न्यून हुन सक्छ । वायुमण्डलले नै अल्ट्राभायलेट किरणबाट हामीलाई जोगाउँछ र उल्काहरूलाई डढाएर नष्ट गर्छ । वास्तवमा वायुमा उपस्थित ग्याँसमाथि प्राकृतिक वा मानवीय प्रभाव नै वायु प्रदूषणको लागि जिम्मेवार रहेको छ । पृथ्वीको वातावरण विभिन्न प्रकारको ग्याँसले बनेको छ । जसमा मानिस र सबैखाले जीवजन्तुहरूका लागि चाहिने अक्सिजनको मात्रा २४ प्रतिशत मात्र रहेको छ । बिस्तारै पृथ्वीमा भइरहेको परिवर्तनले गर्दा अक्सिजनको मात्रामा कमी हुन थालेको छ । यसमा कैयन प्रकारका विषाक्त ग्याँसहरू पनि मिसिएका छन् । साधारण शब्दमा भन्ने हो भने स्वच्छ वायुमा रसायन, सूक्ष्म पदार्थ, धूलकण, विषाक्त ग्याँस, जैविक पदार्थ, कार्बनडाइअक्साइड आदिको मिसावटका कारण वायु प्रदूषित हुन्छ ।

जीवमण्डलको आधार वायु हो । वायुमा उपस्थित अक्सिजनमाथि नै जीवन निर्भर छ । मानिस र जीवजन्तु वायुमण्डलबाट अक्सिजन लिन्छन् र कार्बनडाइअक्साइड निष्काशित गर्छन् जसलाई वनस्पतिहरूले ग्रहण गर्छन् । यसबीचको सन्तुलनमा समय–समयमा व्यवधान उत्पन्न हुने गरेको छ । वायु प्रदूषण त्यस बेला प्रारम्भ हुन्छ जब वायुमा नचाहिँदो तत्व र ग्याँस समाविष्ट हुन्छ । हुनत यो समस्या नयाँ होइन, किनभने कैयन प्राकृतिक कारण, जस्तै ज्वालामुखी विस्फोट, तूफानबाट उत्पन्न तेज हावाले माटोको कण वायुमा घुल्नु वा जङ्गलको आगोबाट प्राचीनकालमा पनि वायु प्रदूषण हुँदै आएको छ । आगोको आविष्कारसँगै प्रदूषणको शुभारम्भ भएको हो । तर त्यस बेला जनसङ्ख्या सीमित भएको कारण यो त्यति प्रभावी थिएन । आवश्यकता कम थियो, इन्धनको प्रयोग थोरै हुन्थ्यो । वन–जङ्गल पर्याप्त थिए । यस कारण प्रदूषित पदार्थ पर्यावरणबाट आफैं नष्ट हुन्थे किनभने वायुमण्डलमा स्वतः शुद्ध र सन्तुलित हुने क्षमता हुन्छ । तर अहिले उद्योग, विज्ञान र प्रविधिमा भएको प्रगतिले यस गणितलाई झूटो साबित गरिदिएको छ किनभने मानिसहरू तीव्र गतिले वायुमण्डलमा प्रदूषित पदार्थ विसर्जन गरिरहेका छन् जुन वायु प्रदूषणको मूल कारण हो ।

वायु प्रदूषणका दुई स्रोत छन्–पहिलो प्राकृतिक र दोस्रो मानवीय । प्राकृतिक स्रोतमा ज्वालामुखी पहिलो हो तर यसको प्रभाव सीमित र क्षेत्रीय हुन्छ । ज्वालामुखी विस्फोट हुँदा यसबाट निस्कने धूवाँ र विभिन्न प्रकारका ग्याँस वायुमण्डलमा प्रवेश गरेर प्रदूषणलाई बढाउँछ । अर्को हो वन–जङ्गलमा लागेको आगो, जो हजारौं वर्गकिलोमिटरमा वायु प्रदूषणको कारण बन्छ । तेस्रो आँधी–बेहेरी जसले वायुमण्डलमा धूलकण फैलाउने र प्रदूषण बढाउने काम गर्छ । समुद्री लवण र खनिजकण पनि प्रदूषण बढाउन सहयोगी हुन्छ । हिलाम्य प्रदेशमा सडेगलेको वस्तुबाट निस्कने मिथेन ग्याँसले वातावरणलाई प्रदूषित गर्छ । यसबाहेक हुस्सुले पनि प्रदूषण फैलाउने काम गर्छ । प्राकृतिक स्रोतबाट हुने प्रदूषण सीमित तथा थोरै हानिकारक हुन्छ किनभने प्रकृति स्वयं विभिन्न क्रियाबाट यसमा सन्तुलन बनाइराख्छ ।

वर्तमानमा प्राकृतिक स्रोतभन्दा बढी वातावरणलाई प्रदूषित गर्ने कार्यमा मानिस संलग्न रहेको कुरा भन्नु गलत हुँदैन किनभने ऊर्जाको विविध उपयोग, उद्योग, परिवहन, रसायनको प्रयोगमा वृद्धि आदिले जहाँ मानिसलाई कैयन प्रकारको सुविधा प्रदान गरेको छ त्यहीं वायु प्रदूषणको रूपमा सङ्कट पनि जन्माएको छ । यसबाहेक नियमित घरेलू कार्यमा पनि इन्धनको रूपमा दाउरा, कोइला, गोबर, मट्टीतेल, ग्याँस आदिको प्रयोगले कार्बनडाइअक्साइड, मोनोअक्साइड, सल्फर डाइअक्साइड आदि ग्याँस उत्पन्न हुन्छ जसले वायुलाई प्रदूषित गर्छ । परिवहनमा भएको प्रगतिले जहाँ एकातिर संसारलाई नजीक ल्याएको छ त्यहीं त्यसबाट निस्कने धूवाँमा हानिकारक कार्बनमोनोअक्साइड र शीशाको कण र विषाक्त ग्याँसले वायु प्रदूषणमा वृद्धि गरेको छ । विकसित देशहरूको तुलनामा हाम्रो देशमा वाहनको कमी छ तर वायु प्रदूषणमा कमी छैन, किनभने पुरानो वाहन र त्यसको मरम्मतसम्भार सही तरीकाले भइरहेको छैन । वायु प्रदूषणको लागि हाम्रो देशमा जहाँ वाहन जिम्मेवार छ, त्यहीं उद्योगहरू पनि कम जिम्मेवार छैनन् । सही भन्ने हो भने वायु प्रदूषण औद्योगिक क्रान्तिको देन हो । उद्योगबाट निस्कने विभिन्न पदार्थको धूवाँ वायुमण्डलमा मिसिंदा वायु प्रदूषण हुन्छ । उदाहरणका लागि लस एजेल्स शहरलाई सधैं धूवाँको बादलले छोपेको हुन्छ । जापानमा वायु प्रदूषण हुँदा विद्यालय जाने केटाकेटीहरूले मास्क लगाउनुपर्छ । भारतमा जहाँ बढी उद्योग छन्, त्यहाँको मानिस कैयन रोगबाट ग्रसित छन् ।

यसैगरी अम्लीय वर्षा पनि वायु प्रदूषणको एउटा खतरनाक किसिम हो । यस प्रकारको वर्षा सल्फरअक्साइड वायुमा सामेल भई सल्फ्यूरिक एसिड बन्छ जुन सूक्ष्म कणको रूपमा खसिरहन्छ जसमा सल्फेट आयन धेरै हुन्छ । यसखाले जल मानिस र वनस्पति दुवैका लागि हानिकारक हुन्छ । वर्तमान समयमा कृषिमा प्रयोग हुने कीटनाशक ओखतिले पनि वायु प्रदूषण बढाउन सहयोग गरेको छ । यसैगरी पेन्ट, स्प्रे, पालिशमा प्रयोग हुने रसायन हावामा फैलिएर वायुलाई प्रदूषित बनाउँछ । परमाणु शक्तिको प्रयोग जहाँ असीम शक्ति प्राप्तिको लागि गरिन्छ त्यहीं अलिकति असावधानीले वायु प्रदूषणमा वृद्धि मात्र नभई मृत्युको कारण पनि बन्छ । उदाहरणका लागि हिरोशिमा र नागासाकीमा खसालिएको परमाणु बमको अवशेष आजसम्म देख्न सकिन्छ । वास्तवमा भन्ने हो भने मानिसले उद्योग, परिवहन, ऊर्जा आदि क्षेत्रमा जुन प्रगति गरेको छ त्यसको प्रत्यक्ष र अप्रत्यक्ष प्रभाव वायु प्रदूषणको रूपमा देखापरिरहेको छ । यो सङ्कट आज वैश्विक समस्याको रूपमा देखा परेको छ ।

जसैजसै पृथ्वीको वातावरणमा कार्बनडाइअक्साइडको मात्रा बढिरहेको छ त्यसैगरी ओजोन तह पातलिंदै गएको छ जसले गर्दा सूर्यको हानिकारक किरणका कारण छालामा कैंसर जस्ता रोगमा वृद्धि भएको छ । यससँगै अस्थमा, टाउको दुखाइ, पेटसम्बन्धी रोग, हृदय रोग, एलर्जीसमेत हुन्छ जुन हाम्रो स्वास्थ्यको लागि हानिकारक छ । एउटा शोधले के देखाएको छ भने यदि यस्तै गतिले वायु प्रदूषण बढ्यो भने सन् २०५० सम्म पृथ्वीको तापक्रममा ४ देखि ५ डिग्री सम्म वृद्धि हुन्छ र पृथ्वीमा भएको हिमनदीहरू पग्लेर भयङ्कर बाढी आउँछ जसले पृथ्वीलाई नै सखाफ पार्छ ।

वायु प्रदूषणमा नियन्त्रण गर्न धेरै भन्दा धेरै वृक्षारोपण गर्नुपर्छ जसले प्रदूषित वायुलाई सफा गर्छ । अर्कोतिर जनसङ्ख्या वृद्धिमाथि नियन्त्रण गरेर पनि प्रदूषण न्यून गर्न सकिन्छ । यसैगरी धेरै प्रदूषण फैलाउने कलकारखाना कि बन्द गर्नुपर्छ वा त्यसको चिमनी अझ अग्लो बनाउनुपर्छ । यसबाहेक ऊर्जाका नयाँ–नयाँ स्रोतको खोजी गर्नुपर्छ । खुलामा हुने निर्माण कार्यमा रोक लगाउनुपर्छ । एउटा निश्चित अवधि चलेपछि, वाहनमा पूर्ण प्रतिबन्ध लगाउनुपर्छ र सार्वजनिक वाहनको प्रयोग बढाउनुपर्छ । वायु प्रदूषणमा नियन्त्रण गर्न तयार गरिएको कानून प्रभावकारी ढङ्गले लागू गर्नुपर्छ र प्रदूषण नियन्त्रण प्रमाणपत्रलाई देशभरि अनिवार्य बनाउनु पर्छ । प्रदूषणसम्बन्धी जनचेतना कार्यक्रमलाई व्यापक बनाउनु पर्छ । प्रारम्भिक तहदेखि नै वायु प्रदूषणलाई पाठ्यक्रममा समावेश गर्नुपर्छ जसबाट बाल्यकालदेखि नै केटाकेटीलाई के गर्दा प्रदूषण फैलिन्छ भन्ने कुरा थाहा होस् । गाउँ–गाउँमा गएर सडक नाटक वा अन्य माध्यमले आम जनमानसलाई जागरूक र सचेत बनाउनुपर्छ । वन फडानी रोक्नुपर्छ अनि मात्र हाम्रो देशमा वायु प्रदूषण न्यून गर्न सकिन्छ ।

वायु प्रदूषणले बिस्तारै हाम्रो ज्यान लिन्छ । भावी पीढीको लागि यदि पृथ्वीलाई जोगाउनुछ भने यसको नियन्त्रण आवश्यक छ । जबसम्म हामी सबैले यस गम्भीर कुरालाई बुझ्दैनौं र यसबारे सचेत हुँदैनौं तबसम्म वायु प्रदूषण न्यून गर्न सकिन्न । सरकारी प्रयासले मात्र यसमा नियन्त्रण सम्भव छैन । यस कारण हरेक नेपालीले आफ्नो सन्ततिलाई यस स्लो–प्वाइजनबाट जोगाउन एक अर्कालाई यसबारे सचेत बनाउनुपर्छ र के गर्दा राम्रो हुन्छ भन्ने कुरा बुझाउनुपर्छ । यसको लागि स्वयंको बानी–बेहोरमा परिवर्तन ल्याउने खाँचो छ । औद्योगिक क्षेत्रलाई बसोवास स्थलबाट टाढा राख्नुपर्छ तथा कम वायु प्रदूषण गर्ने मेशीनहरूको प्रयोगका लागि उद्योगकर्तालाई प्रोत्साहित गर्नुपर्छ । यस बाहेक अनेक प्रकारका अन्य सकारात्मक प्रयासको थालनी आजैदेखि गर्नुपर्छ । यदि यसो गरियो भने भावी सन्ततिलाई जोगाउन सकिन्छ अन्यथा उनीहरूको भविष्य कस्तो होला भन्ने कुराको कल्पना गर्दा आफ्नै आङ सिरिङ हुन्छ ।

# रू डेढ खर्ब लगानीका उद्योग दर्ता

काठमाडौं, १० साउन/रासस

नेपालमा एक वर्षका अवधिमा रु डेढ खर्ब स्वदेशी लगानीका उद्योग दर्ता भएका छन् ।

आर्थिक वर्ष २०७७/७८ मा रु एक खर्ब ५६ अर्ब ६४ लाखको लगानीमा विभिन्न छ शीर्षकका २०३ उद्योग दर्ता भएका उद्योग विभागको तथ्याङ्कमा उल्लेख छ । कृषि तथा वन पैदावारमा आधारित २१ उद्योगमा रु पाँच अर्ब ३४ करोड ८० लाख, ३० ऊर्जामूलक उद्योगमा रु एक खर्ब ९ अर्ब ९७ करोड ४० लाख र सूचना, सञ्चार तथा प्रसारण प्रविधिमा आधारित छ उद्योगमा रु ८० करोड लगानी रहेको छ ।

यस्तै, पूर्वाधारका दुई उद्योगमा रु एक अर्ब ७३ करोड ८० लाख, उत्पादनमूलक ७० उद्योगमा रु १९ अर्ब ५२ करोड ४० लाख, खनिज क्षेत्रको एक उद्योगमा रु १२ करोड ३० लाख, सेवामूलक ३३ उद्योगमा रु पाँच अर्ब ६४

(बाँकी तेस्रो पातामा)

# देउवा कार्यकालको अपेक्षा

पाठक प्रतिक्रिया

८ गते प्रतीकमा विश्वराज अधिकारीको लेख 'आर्थिकरूपमा कस्तो हुनेछ देउवाको कार्यकाल ?' पढें । सौताको रिसले पोइको काखमा मुत्ने काम गरेका थिए ओलीले । उनले आफ्नै दललाई मिलाउन सकेनन् कि माधव–प्रचण्डको अहम् सीमाभन्दा बाहिर गयो, यी सबै तपसिलका कुरा हुन् । त्यसले गर्दा संविधानमा नै धावा बोल्नु गलत थियो । इन्दिरा गाँधीले फखरूद्दीन अली अहमद पाएजस्तै राष्ट्रपतिले ओलीको कुरा मान्दै गइन् ।

कोरोनाकाल आयो र गयो तर ओली र विद्याको चर्तिकला गएन । यसले जनता मात्र आजित थिएन, अदालत र श्रीमान्हरू पनि आजित भएजस्तो लाग्छ । ओली गतिविधिमा एक्कासि यस्तो ब्रेक लगाए, भीरबाट खस्नै लागेको मोटर जोगियो । अब रह्यो कुरा देउवाको बाँकी कार्यकालको । उनले कनीकुथी बाँकी दुई वर्ष पार लगाउन सके मात्र पनि उनको सफलता मानिनेछ ।

भागबन्डा त नेपालमा आजको मात्रको कुरा होइन, गणतन्त्र शुरू भएदेखि नै शुरू भएको हो । यसको कारणमा न जाऔं ।

हाल अर्थ, वाणिज्य र उद्योगमा तत्सम्बन्धी विज्ञमन्त्री चाहिन्छ भन्ने कुरामा कसैको विमति हुनेछैन । यसरी ट्र्याकमा आएको गाडी बिस्तारै गुडेर स्टेशनसम्म पुगे पनि जनताले धन्य मान्नेछ । खाली गच्छदार र आलमजस्ता कुपात्र छुटाउने कुरा दिमागमा राखियो भने जनताले माफी दिनेछैन । यस सरकारबाट अरू आशा पनि छैन र आशा पूरा हुने पनि छैन । संविधानको गतिशीलता कायम राख्नु नै यस सरकारको बृहत् उत्तरदायित्व हो ।

**डा. शिवशङ्कर यादव**, छपकैया, वीरगंज

सामाजिक सेवामा समर्पित रिलिफ सोसाइटीको कार्यसमितिलाई चाहिने समय प्रदान गरी सामाजिक सेवामा सहभागी हुनुहोस् । रिलिफ भवन फोन ९८४५११९४४८

# अन्तर्राष्ट्रिय समाचार

## अस्ट्रेलियाका ठूला शहरहरूमा लकडाउनविरुद्ध प्रदर्शन

सिड्नी, १० साउन/एएफपी

अस्ट्रेलियाका विभिन्न राज्यमा सङ्क्रमण फैलिन थालेपछि सिड्नीलगायत, सरकारद्वारा जारी सहभागीहरूलाई 'स्वार्थी तथा स्वयं पराजित व्यक्ति' को संज्ञा दिँदै उनले कोरोना भाइरस फैलाउने जोखिम भएको प्रधानमन्त्री मोरिसनले आरोप लगाए। प्रदर्शनकारी पक्राउ परेका छन् । अस्ट्रेलिया सरकारले सङ्क्रमणको नयाँ लहर शुरू भएपछि देशभरि पुनः लकडाउन लगाएको छ।




अस्ट्रेलियामा सरकारद्वारा जारी लकडाउन र स्वास्थ्य सङ्कटकालविरुद्ध प्रदर्शन गर्दै प्रदर्शनकारी। तस्वीरः रायटर्स

लकडाउन र स्वास्थ्य सङ्कटकालविरुद्ध ठूला प्रदर्शन भएका छन्। सिडनी, ब्रिस्बेन र मेल्बर्नमा प्रदर्शनकारीहरू बढी आक्रामक बनेका खबरहरू प्राप्त भएका छन्। सिडनीमा प्रदर्शनकारीले घोडसवार प्रहरीमाथि विभिन्न वस्तुले प्रहार गरेका एक अधिकारीले दाबी गरे ।

सरकारले महामारी सङ्क्रमण नियन्त्रणका लागि घोषणा गरेको लकडाउन तथा स्वास्थ्य सङ्कटकालको उपायको विरोध गर्दै शनिवार भएका लकडाउनविरोधी ठूला प्रदर्शनको अस्ट्रेलियाका प्रधानमन्त्री स्कट मोरिसनले निन्दा गरेका छन् । प्रदर्शनका

मोरिसनले न्यु साउथ वेल्स राज्यमा फैलिएको कोरोना भाइरसको डेल्टा भेरिएन्ट नियन्त्रण गर्न लकडाउन एक महीना लम्ब्याउनेबाहेक कुनै चमत्कारी उपाय नभएको बताए। यसैबीच न्यु साउथ वेल्सकी सरकार प्रमुखले सिडनीमा भएको प्रदर्शनप्रति चर्को असन्तुष्टि व्यक्त गर्दै कडा निषेधाज्ञा प्रभावकारी रहेको बताएकी छन् ।

विगत २४ घण्टामा न्यु साउथ वेल्समा कोभिड–१९ का कारण थप दुई व्यक्तिको निधन भएको छ ।

अस्ट्रेलियाका अधिकारीहरूका अनुसार शनिवार भएका प्रदर्शनमा ५७

अति सङ्क्रामक 'डेल्टा भेरिएन्ट'को आगमनसँगै त्यहाँ विगतमा सीमा बन्द गर्ने, क्वारन्टिन कार्यक्रम सञ्चालन गर्ने र बेलाबेला लकडाउन गर्ने रणनीतिले चुनौतीको सामना गरिरहेको छ ।

विकसित देशहरूमध्ये सबैभन्दा न्यून खोप लगाउने दर अस्ट्रेलियामा छ। त्यहाँ अहिलेसम्म १४ प्रतिशतभन्दा कम व्यक्तिले खोप लगाएका छन् ।

जोन्स हप्किन्स विश्वविद्यालयको तथ्याङ्क अनुसार अस्ट्रेलियामा हालसम्म ३२ हजार ५९४ जनामा सङ्क्रमण भएको र ९१६ जनाको कोभिड–१९ का कारण मृत्यु भएको देखिन्छ। रासस

## बाढीपहिरोमा १२४ जनाको मृत्यु, उद्धार कार्य जारी

मुम्बई, १० साउन/एएफपी

भारतमा भारी मनसूनी वर्षाका कारण उत्पन्न बाढी र पहिरोबाट मृत्यु हुनेको सङ्ख्या आइतवार १२४ पुगेको भारतीय अधिकारीले पुष्टि गरेका छन्। अरू दर्जनौं हराइरहेकाको खोजीका लागि उद्धारकर्मीहरू जुटिरहेको बताइएको छ।

भारतको पश्चिमी क्षेत्रमा बिहीवारदेखि मुसलधारे वर्षा भएको छ। भारतीय मौसम विज्ञान विभागले आउँदो केही दिनमा थप वर्षा हुने भन्दै सावधानी अपनाउन आग्रह गरेको छ ।

महाराष्ट्र राज्यमा बिहीवार मुम्बईको दक्षिणमा रहेको ताल्यको पहाडी गाउँमा ठूलो पहिरोमा परी ४० जनाको मृत्युसहित राज्यभर ज्यान गुमाउनेको सङ्ख्या ११४ पुगेको छ।

पहिरोमा दर्जनभन्दा बढी घर परेका थिए भने पहिरोमा परी कम्तीमा ९९ जना हराइरहेका बताइएको छ।

चिप्लुनका केही भागमा बिहीवार निरन्तर २४ घण्टाको वर्षापछि पानीको तह २० फिट (छ मिटर)सम्म पुगेको र सडक तथा घरहरू डुबाएको स्थानीय सञ्चारमाध्यमहरूले जनाएका छन् । वर्षापछिको डुबानका कारण विद्युत् आपूर्ति अवरुद्ध हुँदा एक अस्पतालमा कोभिड–१९ को उपचार गराइरहेका आठजना बिरामीको मृत्यु भएको थियो।

उनीहरूको उपचारमा भेन्टिलेटर प्रयोग भएको तर विद्युत् आपूर्ति अवरुद्ध हुनासाथ उनीहरूको मृत्यु भएको हो। रासस

## भारतमा दैनिक सङ्क्रमण दर २.३१ प्रतिशत

## चार करोड ३३ लाखभन्दा बढी मानिसलाई खोप

नयाँ दिल्ली, १० साउन/एएनआई

भारतमा विगत २४ घण्टामा कोभिड–१९ बाट सङ्क्रमितको थप सङ्ख्या ३९ हजार ७४२ रहेको सङ्घीय स्वास्थ्य मन्त्रालयले आइतवार जानकारी गराएको छ ।

यो अवधिमा कोभिड–१९ सङ्क्रमित ५३५ व्यक्तिको मृत्यु भएको पुष्टि गरिएको छ ।

भारतमा आइतवारसम्ममा सक्रिय सङ्क्रमितको सङ्ख्या चार लाख आठ हजार २१२ रहेको छ भने अहिलेसम्म कोभिड–१९ सङ्क्रमण भई निको हुनेको सङ्ख्या तीन करोड पाँच लाख ४३ हजार १३८ पुगेको छ। अहिलेसम्म कोभिड–१९ सङ्क्रमित चार लाख २० हजार ५५१ व्यक्तिको मृत्यु भएको छ ।

मन्त्रालयका अनुसार भारतमा अहिले कोभिड सङ्क्रमणपछि निको हुनेको दर ९७.३६ रहेको छ भने शनिवार ३९ हजार ९७२ कोभिड–१९ सङ्क्रमित व्यक्ति निको भएको तथ्याङ्क सरकारसँग छ ।

खोप अभियान र नियन्त्रणका लागि लकडाउन तथा अन्य उपाय अवलम्बन गरेका कारण लगातार ३४ दिनसम्म सङ्क्रमण दर तीन प्रतिशतभन्दा कम रहेको छ भने अघिल्लो दिन यो दर २.३१ प्रतिशत कायम भएको छ ।

सरकारी अधिकारीका अनुसार भारतमा जारी राष्ट्रिय खोप अभियान अन्तर्गत अहिलेसम्म ४३ करोड ३१ लाख मात्रा खोप लगाइएको छ भने ४५ करोड ६२ लाख व्यक्तिको कोभिड–१९ परीक्षण गरिएको छ। रासस

### आजको राशिफल

| | | | |
|---|---|---|---|
| मेष | धनलाभ | वृष | सफलता |
| मिथुन | राज्यभय | कर्कट | वादविवाद |
| सिंह | यात्रालाभ | कन्या | शत्रुभय |
| तुला | कार्यनाश | वृश्चिक | उदरपीडा |
| धनु | विजय | मकर | धनखति |
| कुम्भ | भाग्योदय | मीन | बेचैनी |

ज्योतिषी पं. छविरमण सुवेदी, सि.सं.मा.वि.कलैया

## सोमवारदेखि मनसुन सक्रिय हुने

काठमाडौं, १० साउन/रासस

सोमवारदेखि मनसून सक्रिय भई देशभर सामान्यदेखि पूर्ण बदली रही अधिकांश स्थानमा हल्कादेखि मध्यम वर्षा हुने भएको छ। मनसून न्यूनचापीय रेखा नेपालको तराई भूभागनजीक बिस्तारै आउने क्रम शुरू भएकाले सोमवारदेखि मनसून सक्रिय भई देशका अधिकांश स्थानमा वर्षाको सम्भावना रहेको वरिष्ठ मौसमविद् वरुण पौडेलले बताए ।

"आज रातिसम्म उक्त रेखा नेपालको तराई भूभागसम्म आइपुग्ने सम्भावना रहेकोले मनसून सक्रिय भई बुधवारसम्म वर्षा हुने सम्भावना देखिएको हो," मौसमविद् पौडेलले भने। जल तथा मौसम विज्ञान विभागले आगामी २४ घण्टाका लागि चेतावनी तथा परामर्श जारी गर्दै देशभर केही स्थानमा हल्कादेखि मध्यम वर्षा तथा वाग्मती प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ ।

विभागले पहाडी भूभागमा भूक्षय, पहिरो तथा गेग्रान बहावको जोखिम रहेको हुनाले नदीनाला र खहरे खोलामा पानीको सतह बढ्न सक्ने भएकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ।

आज देशभर सामान्य बदली रही प्रदेश नं १, वाग्मती र गण्डकी प्रदेशका केही स्थानमा हल्का वर्षा भएको छ । विभागका अनुसार राति देशभर सामान्यदेखि पूर्ण बदली रही धेरैजसो स्थानमा हल्कादेखि मध्यम वर्षाका साथै वाग्मती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका एक/दुई स्थानमा भारी वर्षाको सम्भावना रहेको छ।

सोमवार देशभर सामान्यतया बदली रही धेरै स्थानमा हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको बताइएको छ। आज सबैभन्दा कम जुम्लाको न्यूनतम तापक्रम १७ दशमलव पाँच डिग्री र सबैभन्दा धेरै नेपालगंजको अधिकतम तापक्रम ३६ दशमलव पाँच डिग्री सेल्सियस रहेको छ।

## लायन्स क्लबद्वारा वृक्षारोपण

प्रस, वीरगंज, १० साउन/

लायन्स क्लब अफ वीरगंजले शनिवार छिपहरमाई गाउँपालिकामा वृक्षारोपण गरेको छ।

वडा नं ४ स्थित बन्जारी स्कूल,



तस्वीरः प्रतीक

प्रहरी चौकी, सशस्त्र प्रहरी ब्यारेक, छिपहरमाई मन्दिर, तुलसीबर्वा स्कूल र ईदगाहमा विभिन्न प्रजातिका दुई हजार बिरुवा रोपण गरिएको लायन्स क्लब अफ वीरगंजका अध्यक्ष छेडुप लामाले बताए।

वृक्षारोपण कार्यक्रममा जीतेन्द्रकुमार कर्ण, प्रअ चित्रविक्रम शाह, प्रभु गिरीलगायतले मन्तव्य व्यक्त गरेका थिए।

लामाको अध्यक्षतामा भएको कार्यक्रममा वडाध्यक्ष रामबालक गद्दी राउत, लायन्सका बलराम श्रेष्ठ, चित्रविक्रम शाह, प्रभु गिरी, सरिता खड्गी, भगवती सिग्देल, जीतेन्द्रकुमार कर्ण, गणेश यादव, रामेश्वर महतो, सशस्त्र प्रहरी शैलेन्द्र चौरसिया, पप्पु श्रीवस्तव, सुमित भङ्गरलगायतले वृक्षारोपण गरेका थिए।

## विपन्नलाई राहत र प्रहरीलाई विपद् व्यवस्थापन उपकरण प्रदान

प्रस, सेढवा, १० साउन/

एशोसिएशन अफ नेपाली तराईन इन अमेरिका (एन्टा)को सहयोगमा लकडाउनबाट प्रभावित पर्साका ग्रामीण भेगका विपन्न परिवारलाई शनिवार राहत वितरण गरिएको छ।

कोरोना सङ्क्रमणको कारण रोजगार नपाएका र विपन्न परिवारका ९० विपन्न परिवारलाई राहत वितरण गरिएको सामाजिक अभियन्ता प्रकाश थारूले बताए।

हैप्पी फाउन्डेशनको आयोजनामा जगरनाथपुर गाउँपालिका–१ बिसनपूर्वाका ३५, जीराभवानी गाउँपालिका–२ सेढवाको चमार टोलका ३१ परिवारलाई राहत वितरण गरिएको थियो। त्यस्तै, जीराभवानी गापा–१ पिपरा टोलमा १६ तथा ठोरी गापा–५ सुवर्णपुरका ८ परिवार गरी ९० परिवारलाई राहत वितरण गरिएको थारूले बताए । प्रतिपरिवार राहत सामग्रीमा २५ किलो चामल, आलु २ किलो, दाल १ किलो, खानेतेल १ लिटर र सोयाबिन १ किलो थियो।

त्यस्तै, भोलेन्टियर क्रप्स नेपालले विपद् व्यवस्थापनका लागि सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट जीराभवानीलाई उपकरण वितरण गरेको छ। विपद् व्यवस्थापन उपकरण सामग्री अन्तर्गत हेल्मेट १० थान, डोरी २ रोल, आगो निभाउने सिलिन्डर १ थान, बाल्टिन २ थान, कुटो २ थान र बेल्चा ५ थान वितरण गरिएको थारूले बताए।




कार्यक्रममा राहत वितरण गर्दै।




प्रहरीलाई विपद् व्यवस्थापन सामग्री प्रदान गर्दै अभियन्ता थारू। तस्वीरः प्रतीक

कार्यक्रममा फाउन्डेशनका अध्यक्ष चन्दन जैसवाल, व्यवस्थापक कृष्ण कुशवाहा, बृजेश्वरप्रसाद चौधरी, सशस्त्र प्रहरी बोर्डर आउट पोस्ट जीराभवानीका सशस्त्र प्रहरी निरीक्षक केदार राईको सहभागिता थियो।

### रु डेढ खर्ब लगानी.....

करोड पाँच लाख र पर्यटनसँग सम्बन्धित ४० उद्योगमा रु १३ अर्ब ४८ करोड ५ लाख लगानी छ।

**घट्यो उद्योग दर्ता**

अघिल्लो आर्थिक वर्षको तुलनामा लगानी रकममा केही वृद्धि भएपनि उद्योग दर्ताको सङ्ख्यामा भने कमी आएको विभागका सूचना अधिकारी ज्ञानेन्द्र पराजुलीले जानकारी दिए। उनका अनुसार अघिल्लो आवमा रु एक खर्ब ५२ अर्ब ६२ करोडभन्दा बढीको लगानीमा २७७ वटा स्वदेशी उद्योग दर्ता भएका थिए। अघिल्लो वर्षको तुलनामा गत आवमा ७४ ले उद्योग दर्तामा कमी आएको हो।

**घट्यो विदेशी लगानी प्रतिबद्धता**

कोरोना महामारीकै कारण अघिल्लो आर्थिक वर्षको तुलनामा गत आर्थिक वर्षमा विदेशी लगानीको प्रतिबद्धतामा कमी आएको छ। गत आवमा लगानी रकमसँगै उद्योगको सङ्ख्यामा समेत कमी आएको हो।

अघिल्लो आवको तुलनामा गत आवमा ४० उद्योग कमी हुनाका साथै रु पाँच अर्ब ७८ करोड बराबरको लगानी घटेको हो । अघिल्लो आवमा २२३ उद्योगका लागि रु ३७ अर्ब ८० करोड बराबरको लगानी प्रतिबद्धता आएकामा गत आवमा १८३ उद्योगका लागि रु ३२ अर्ब दुई करोड बराबरको मात्र प्रतिबद्धता आएको विभागले जनाएको छ।

**कुन उद्योगमा कति प्रतिबद्धता**

गत आर्थिक वर्षमा पर्यटन क्षेत्रमा सबैभन्दा धेरै उद्योगमा लगानीको प्रतिबद्धता आएको छ। यस क्षेत्रमा १०१ उद्योगका लागि रु १८ अर्ब ३१ करोड बराबरको प्रतिबद्धता आएको हो।

यस्तै, कृषि क्षेत्रमा तीन उद्योगका लागि रु ५२ करोड ९० लाख, ऊर्जामा चार उद्योगका लागि रु एक अर्ब ५४ करोड, सूचना प्रविधिसँग सम्बन्धित १५ उद्योगका लागि रु दुई अर्ब ९५ करोड, १९ उत्पादनमूलक उद्योगका लागि रु दुई अर्ब ८६ करोड र ४१ सेवामूलक उद्योगका लागि रु पाँच अर्ब ९८ करोड बराबरको प्रतिबद्धता आएको हो।

उक्त लगानी प्रतिबद्धतासँगै पाँच हजार ८३३ जनालाई रोजगार दिइने भनिएको छ। नयाँ व्यवस्था अनुसार रु पाँच करोडभन्दा कम लगानीमा नेपालमा विदेशी लगानीको उद्योग दर्ता हुँदैन । न्यूनतम रु पाँच करोडभन्दा माथि तोकिएका प्रतिबद्धता रकममा वृद्धि भएपनि उद्योगको सङ्ख्यामा भने कमी आएको विभागले जनाएको छ।

वर्गीकृत विज्ञापन









# वीउवासङ्घका पदाधिकारी र सुरक्षा अधिकारीबीच छलफल

प्रस, वीरगंज, १० साउन/

वीरगंज उद्योग वाणिज्य सङ्घका पदाधिकारीहरूले आफूहरूको कार्यकाल सय दिन पूरा भएको अवसरमा प्रदेश २ का प्रहरी नायब महानिरीक्षक उमेश रञ्जीतकारसँग अन्तर्क्रिया गरेका छन्।



तस्वीर सौजन्य: वीउवासङ्घ

कार्यक्रममा सङ्घका अध्यक्ष सुबोधकुमार गुप्ताले शान्ति, सुव्यवस्था, स्थायित्वको लागि प्रनामनि रञ्जीतकारसँग आग्रह गरे। उनले कोभिड–१९ को सम्भावित तेस्रो लहरलाई मध्यनजर गर्दै सङ्घले आफ्नो सक्रियतामा नारायणी अस्पतालमा बाल सघन चिकित्सा एकाइ निर्माण सम्पन्न गरेको जानकारी गराए।

उनले वीरगंजमा विस्तारित सिसिटिभी परियोजनाको लागि दक्ष जनशक्तिको व्यवस्था गर्नुपर्ने माग गरे। उनले औद्योगिक कोरिडोरको सुरक्षाको लागि औद्योगिक सुरक्षा बल पुनर्स्थापना गर्नुपर्ने, केमिकलयुक्त वारुणयन्त्रको व्यवस्था गर्नुपर्नेलगायतका सुझाव दिए।

कार्यक्रममा प्रनामनि रञ्जीतकारले अपराधीहरू प्रविधिमय भइसकेकाले अपराध न्यूनीकरणको लागि स्मार्ट पुलिसिङको धारणाअनुरूप प्रहरी प्रविधिमय हुनुपर्ने बताए। उनले नेपाल प्रहरी प्रविधिमैत्री हुँदै गइरहेको बताए। सिसिटिभी परियोजना अपराध अनुसन्धानमा सहयोगी सिद्ध भएकोले सो परियोजनाको लागि आवश्यक सहयोग गर्ने प्रतिबद्धता जाहेर गरे। नेपाल उद्योग वाणिज्य सङ्घ प्रदेश नं २ का अध्यक्ष गणेशप्रसाद लाठ तथा पूर्वअध्यक्ष अशोककुमार बैधले वीरगंज–रक्सौल नाकाबाट सर्वसाधारणको आवागमनलाई सहजता प्रदान गर्न अनुरोध गरे।

कार्यक्रममा जिल्ला प्रहरी कार्यालय पर्साका प्रहरी नायब उपरीक्षक ओमप्रकाश खनाल, वडा प्रहरी कार्यालय बिर्ताका प्रहरी निरीक्षक राजेशराज पुरी, श्रीपुरका प्रहरी निरीक्षक दिनेश गौतम, सङ्घका उपाध्यक्षद्वय हरि गौतम र माधव राजपाल, महासचिव मनोजकुमार दासलगायतको सहभागिता थियो।

# युवा उद्यमीद्वारा उद्योगको भ्रमण

प्रस, वीरगंज, १० साउन/

नेपाली युवा उद्यमी फोरम (एनवाइइएफ) वीरगंज र चितवनको संयुक्त आयोजनामा कोरोना सङ्कटमा उद्योग सञ्चालन र जोखिम व्यवस्थापनबारे युवा उद्यमीहरूले स्थलगत अध्ययन, भ्रमण र अन्तर्संवाद गरेका छन्।

शनिवार वीरगंज र चितवनका युवा उद्यमीबीच उद्योग–व्यापारका वर्तमान सम्भाव्यता, समस्या र समाधान विषयमा छलफल गरिएको एनवाइइएफ वीरगंजका अध्यक्ष अनुप अग्रवालले बताए।

सो क्रममा युवा उद्यमीहरूले बारा–पर्सा औद्योगिक कोरिडोरमा रहेका इन्टरनेशल सिमेन्ट प्रालि र निम्बस समूहका उद्योगहरूको भ्रमण गरेका थिए। कार्यक्रममा इन्टरनेशनल सिमेन्टका प्रबन्ध निर्देशक सन्दीप अग्रवालले उद्योगबारेमा जानकारी गराएका थिए।

उद्योगको अवलोकनपछि आयोजित अन्तर्क्रियामा सशस्त्र प्रहरी बल बाराका सशस्त्र प्रहरी उपरीक्षक रविनराज कर्णजीत, पर्सा राष्ट्रिय निकुञ्ज आधाभारका प्रमुख महेश शाह, इलाका प्रहरी कार्यालय सिमराका प्रहरी नायब उपरीक्षक मनोजीत कुँवर, एनवाइइएफका द्वितीय केन्द्रीय उपाध्यक्ष सहारा जोशी, चितवन च्याप्टरका अध्यक्ष राजेश गौतम, दाताराम घिमिरे, राहुल अग्रवाललगायतले मन्तव्य राखेका थिए।



तस्वीर: सौजन्य

# माओवादी केन्द्रको वडा कार्यालय उद्घाटन

प्रस, जीतपुर, १० साउन/

नेकपा (माओवादी केन्द्र) बाराका अध्यक्ष क्षेत्रबहादुर श्रेष्ठ 'अनिल'ले जीतपुरसिमरा उपमहानगरपालिका–७ स्थित नेकपा माओवादी केन्द्रको वडा कार्यालय उद्घाटन गरेका छन्।


कार्यालयको उद्घाटन गर्दै अनिलले वडावासीको हकहित तथा विकास निर्माणमा चौबीसैं घण्टा तयार रहने बताए। कार्यक्रममा वडाध्यक्ष हरिनारायण रौनियार, नेकपा माओवादी केन्द्र बाराका सदस्य धर्मबहादुर श्रेष्ठ, अर्जुन चिमोरिया, राजदेव पासवान, अर्जुन अधिकारी शर्मा, चन्देश्वर पासवान, तपियादेवी राम, मर्छियादेवी पासवानलगायतले मन्तव्य व्यक्त गरेका थिए।

# खेलकुदको संसार

## ओलम्पिकमा ५७ वर्ष : सहभागितामा सीमित

महेन्द्रनगर, १० साउन/रासस

खेलकूदको महाकुम्भ हो ओलम्पिक। यसैले हरेक खेलाडीको ओलम्पिक खेल्ने सपना हुन्छ। यसमा सहभागी हुने मात्र खेलाडीको इच्छा हुन्न। सहभागिता जनाउने खेलाडी हरसम्भव पदक चुम्ने प्रयास गर्छ। सपना देख्दैमा र इच्छा हुँदैमा पदक प्राप्त गर्न भने सम्भव छैन। खेलाडीको आफ्नो मेहनतले मात्र पदक पाउन कठिन छ। यसका लागि राज्यको लगानी आवश्यक छ। नेपाली खेलाडीले सन् १९६४ को टोकियो ओलम्पिकदेखि सहभागिता जनाउन थालेका हुन्। हालसम्म नेपाली खेलाडीले पदक प्राप्त गर्न भने सकेका छैनन्। ओलम्पिक सहभागितामा मात्र सीमित बनेको छ।



राष्ट्रिय झन्डाका साथमा टोकियो ओलम्पिकमा सहभागी नेपाली टोली। तस्वीरः सिन्ह्वा

सन् १९८८ को दक्षिण कोरियाको सिउलमा भएको ओलम्पिकमा सहभागी कञ्चनपुरका बक्सर विष्णुबहादुर सिंहले भने एउटा बाउट जितेका थिए। सो ओलम्पिकमा उनीसँगै डम्बरदत्त भट्ट पनि सहभागी भएका थिए। हाल सुदूरपश्चिम खेलकूद प्रशिक्षण विभागको नेतृत्वमा रहेका ओलम्पियन सिंहले सिउल ओलम्पिकमा पाराग्वेका खेलाडीलाई पराजित गरेका थिए।।

सोही संस्करणमा सहभागी तेक्वान्दोका खेलाडी विधान लामाले कास्य पदक जिते पनि त्यो बेला तेक्वान्दो प्रदर्शनी खेलका रूपमा मात्र समावेश भएकाले त्यसले पदकले मान्यता पाउन सकेन। बक्सिङका वरिष्ठ प्रशिक्षक एवं ओलम्पियन विष्णुबहादुर सिंहले सिउल ओलम्पिकमा पहिलो खेलमा पाराग्वेका खेलाडीलाई पराजित गरेका थिए। "दोस्रो खेल अमेरिकासित परेको थियो," उनले भने, "खेल्दै गर्दा दोस्रो राउन्डमा रेफ्रीले खेल नै रोके।" उनले दोस्रो खेलमा रेफ्री अलमलमा पर्दा आफ्नो खेल अधूरैमा रोकिएको बताए। "रिङको कर्नरमा लगेर प्रहार गरिरहेको थिएँ," उनले भने, "रेफ्रीले मलाई खेल्न नसक्ने भन्दै खेल नै रोके।"

उनले ओलम्पिकमा सहभागी हुनुपूर्व दुई महीना थाइल्यान्डमा बन्द प्रशिक्षणमा बसेको बताए। "नेपालबाट बन्द प्रशिक्षणका लागि बक्सिङ खेलका सातजना गएका थियौं," सिंहले भने, "दुईजना खेलाडीको स्तर नपुगेको भन्दै नेपाल फर्काइएको थियो।" उनले नेपाली खेलाडीले पदक जित्ने आशा लिए पनि स्तर भने नपुगेको बताए।

"अरूहरूको चार वर्षे, आठ वर्षे तालीम योजनासहित खेलाडी प्रशिक्षणमा हुन्छन्," उनले भने, "हाम्रो तालीमको स्तर नै पुग्दैन।" उनले खेलाडीलाई वैदेशिक प्रशिक्षण तथा अन्तर्राष्ट्रियस्तरका प्रतियोगितामा सहभागी गराइराख्नुपर्नेमा जोड दिए। "हरेक खेलाडीले ओलम्पिक खेल्ने चाहना राख्न सक्छन्," सिंहले भने, "तर बक्सिङमा हामीपछि अहिलेसम्म नेपाली बक्सर पुग्न सकेका छैनन्।" यसैगरी, डडेल्लधुराकी सरस्वती भट्टराई रियो ओलम्पिकमा एथ्लेटिक्समा सहभागी भएकी थिइन्। हाल उनी त्रिभुवन आर्मी क्लबमा आबद्ध छिन्। त्यसैगरी, सोल ओलम्पिकमा सहभागी अर्का बक्सर डम्बरदत्त भट्ट नेपाली खेलाडीहरूको स्तर पदक जित्ने अझै भइनसकेको बताउँछन्। "अहिले सहभागिता मात्रै होला जस्तो छ," उनले भने, "योजना बनाएर खेलाडीलाई प्रशिक्षण गराउन सकिएको छैन।" उनले खेलाडीलाई सधैं बन्द प्रशिक्षण आवश्यक रहने बताए। "उदीयमान खेलाडीलाई छुट्टै राखेर अध्यापनलगायतका प्रबन्ध मिलाउनुपर्छ," उनले भने, "राष्ट्रियस्तरको प्रदर्शनले मात्रै बाहिरका प्रतियोगितामा पदकको आस गर्नु बेकार कुरो हो।" खेलकूदको उर्वरभूमि सुदूरपश्चिम प्रदेशबाट ओलम्पिकसम्मको यात्रा तय गर्ने खेलाडीमा दीपक विष्ट पनि छन्। उनले सन् २००८ को बेइजिङ ओलम्पिकमा तेक्वान्दो खेलमा सहभागिता जनाएका थिए। हाल टोकियो ओलम्पिकमा सहभागी पौडीकी गौरिका सिंहको पुर्खौली घर सुदूरपश्चिमको बझाङ हो।

स्वदेशको प्रशिक्षणको मात्र भर पर्नुपरिरहेको ओलम्पियन दीपक विष्ट बताउँछन्। स्वदेशको प्रशिक्षणले मात्र पदक प्राप्त सहज नहुने हुँदा सरकारले खेलाडीलाई विदेशमा प्रशिक्षणको व्यवस्था गर्नुपर्नेमा उनको जोड छ। ओलम्पिक यात्राको ५७ वर्षपछि नेपालका पाँच खेलाडी हाल टोकियोमा जारी ३२औं गीष्मकालीन ओलम्पिकमा प्रतिस्पर्धा गरिरहेका छन्।

प्रत्येक चार वर्षमा हुने ओलम्पिक यसपटक कोरोना भाइरसको महामारीका कारण एक वर्ष ढिला शुरू भएको हो। कोरोनाका कारण खेलस्थलमा दर्शकलाई प्रतिबन्ध लगाइएको छ। टोकियो ओलम्पिकमा ३३९ स्वर्ण पदकका लागि प्रतिस्पर्धा हुँदैछ। यसका लागि ११ हजार ९१ खेलाडी खेल मैदानमा छन्। नेपालबाट पौडीमा गौरिका सिंह र एलेक्स शाह, एथ्लेटिक्समा सरस्वती चौधरी, सुटिङमा कल्पना परियार र जुडोमा सोनिया भट्टले सहभागिता जनाएका छन्।






## दुर्घटनामा गत वर्ष ५२३.....

लाख ८८ हजार रुपैयाँ राजस्व सङ्कलन भएको उनले बताए।

चालक तथा सर्वसाधारणलाई सवारीसम्बधी नियमबारे जानकारी दिन चेतनामूलक कार्यक्रमहरू सञ्चालन गरिएको कार्यालयका सूचना अधिकारी प्रहरी नायब उपरीक्षक सन्तुलालप्रसाद जैसवारले बताए।

बितेको एक वर्षमा आयोजित २ हजार ८०० यस्ता कार्यक्रममा १ लाख २६ हजारभन्दा बढीको सहभागिता रहेको सूचना अधिकारी प्रनाउ जैसवारले बताए।

ट्राफिक प्रहरीले गत आवमा १०६ वटा चोरी तथा भन्सार छलीका सवारीसाधन पक्राउ गरेर कारबाहीका लागि भन्सार र राजस्व अनुसन्धानको जिम्मा लगाएको उनले बताए। ७८ वटा मोटरसाइकल, २४ वटा जीपकार, ३ वटा डिजे रथ र एउटा टचाक्टर समातिएको प्रनाउ जैसवारले बताए। कारबाहीका लागि पठाइएका यस्ता सवारीसाधनको अनुमानित मूल्य २ करोड १० लाख ६१ हजार रुपैयाँ रहेको उनले बताए।

**बढी भाडा लिनेलाई धमाधम कारबाही**

चालू आव २०७८/७९ को सुरुआतसँगै यात्रुसित बढी भाडा असुल्ने सवारीसाधनमाथि कारबाही तीव्र पारेको प्रवक्ता जैसवारले बताए।

कोरोना महामारीका कारण सवारीसाधन कम चलेको र हालै सरकारले भाडा बढाएको मौका छोपी तोकिएकोभन्दा बढी भाडा लिने प्रवृत्ति बढेपछि चेकजाँच तीव्र पारिएको उनले बताए।

प्रदेश ट्राफिकले साउन २–४ गते गरेको चेकजाँचका क्रममा ३० वटा सवारीसाधनले यात्रुसँग तोकिएभन्दा बढी भाडा लिएपछि र लिएको बढी भाडा यात्रुलाई फिर्ता गराइएको सूचना अधिकृत जैसवारले बताए। बढी भाडा असुल्ने सवारीसाधनलाई जरिवाना गरी छाडिएको उनले बताए। सरकारले हालै भाडा समायोजनमार्फत अन्तरप्रदेश सवारी भाडादर २८ प्रतिशत र ढुवानीमा २६ प्रतिशतसम्म भाडा बढाएको छ।

## पोखरिया र पर्सागढी....

नेपालमा पहिलोपटक प्रदेश २ सरकारले बेटी पढाऊ, बेटी बचाऊ कार्यक्रम शुरू गरेको बताए।

पोखरिया नगरपालिकाका प्रमुख दीपनारायणप्रसाद रौनियारले शिक्षाको विकासमा नगरपालिका प्रतिबद्ध रहेको बताए।

विद्यालयका प्रधानाध्यापक लालबाबूप्रसाद चौहानले स्वागत गरेको कार्यक्रममा जसपा केन्द्रीय सदस्य निजामुद्दीन समानी, पोखरिया नगरपालिकाकी उपप्रमुख सलमा खातुनलगायत शिक्षक, विद्यार्थीहरूको सहभागिता थियो।

बलिराम शुक्ला, बिरुवागुठी/

पर्सागढी नगरपालिका–२ स्थित नेपाल राष्ट्रिय आधारभूत विद्यालय बागवानामा अध्यनरत कक्षा ८ का छात्राहरूलाई साइकल वितरण गरिएको छ। कार्यक्रममा २२ जना छात्रालाई जनता समाजवादी पार्टी पर्साका अध्यक्ष रामनरेशप्रसाद यादवले साइकल वितरण गरेका थिए।

पर्सागढी नगरपालिका–२ का अध्यक्ष वेदमन दास थारूको अध्यक्षतामा भएको कार्यक्रममा स्वागत प्रअ योगेन्द्रप्रसाद चौधरीले गरेका थिए।


## कार्यालयको लागि घर भाडामा चाहियो

यस कम्पनीको वीरगंज कार्यालयको लागि वीरगंज बजार अवस्थित अनुमानित कम्तीमा १००० वर्गफिट क्षेत्रफल भएको व्यापारिक भवन वा तल्ला (पार्किङ सुविधा भएको) आवश्यक भएकोले यो सूचना प्रकाशित गरिएको छ। इच्छुक घरधनीहरूले अनुमानित भाडा तथा घरको विस्तृत विवरणसहित मिति २०७८/०४/२६ (१०/०८/२०२१) गतेसम्म कार्यालय समयभित्र तलको ठेगानामा शिलबन्दी बोलपत्र पेश गर्नुहुन सूचना प्रकाशित गरिएको छ।

बोलपत्र कम्पनीको वीरगंज शाखा कार्यालय वा यस कम्पनीको website बाट प्राप्त गर्न सकिनेछ। सबै अधिकार कम्पनीमा सुरक्षित रहनेछ।

**दि ओरिएन्टल इन्स्योरेन्स कम्पनी लिमिटेड**
मेनरोड, बिर्ता, वीरगंज, फोन नं.: ०५१–५२१४१५
Email: oiclnepal.birgunj@orientalinsurance.co.in
Web Site: www.orientalinsurance.com.np